प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

फोन नं. ०२१५७२९०६
०२१५७४३३१
०२१५७५७८५
०२१५७११४०
०२१५७३६७६
०२१५७४१६८

प.सं. ०७९।०८०
च.नं. ६१८

२०७९।१२।१४

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
स्थानीय तहहरु (सबै १३७)
कोशी प्रदेश

**विषयः आ.व. २०८०/०८१ का लागि समपुरक अनुदानबाट संचालन गरिने आयोजना/कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० तथा प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन समेत) को दफा ३ बमोजिम प्रदेश सरकारले स्थानीय तहहरुलाई पूर्वाधार विकास सम्बन्धी कुनै आयोजना/कार्यक्रम कार्यान्वयन गर्न समपुरक अनुदान प्रदान गर्न सक्ने प्रावधान रहेको छ। आर्थिक वर्ष २०८०/०८१ का लागि उक्त कार्यविधि बमोजिम प्रदेश सरकार र स्थानीय तह समेतको लागत साझेदारी हुने गरी तपसिलमा उल्लेखित विवरणको अधिनमा रहि बैशाख १५ (पन्ध्र) गते भित्र अनिवार्य रुपमा विद्युतीय प्रणाली http://p1.csgrants.gov.np/ मा गई आयोजाना/कार्यक्रम प्रस्ताव पेश गर्नुहुन सोही कार्यविधिको दफा ७ बमोजिम मन्त्रालयको मिति २०७९।१२।१४ को निर्णयानुसार अनुरोध छ।
प्रदेश समपुरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९) मन्त्रालयको website http://moeap.p1.gov.np मा Upload गरिएको छ उक्त कार्यविधिमा भएको संशोधन समेतको अध्ययन गरी प्रस्ताव पेश गर्नु हुन जानकारी गराईन्छ।
थप जानकारीका लागि यस मन्त्रालयको फोन नं. ०२१-५७११४०, Extension ११५ वा इमेल ठेगाना p1.msg7879@gmail.com मा सम्पर्क गर्न सक्नुहुनेछ।

तपसिल

१. चालु आ.व.मा प्रदेश समपूरक अनुदानबाट सञ्चालमा रहेका तर सम्पन्न नभएका आयोजना तथा कार्यक्रमलाई सम्बन्धित स्थानीय तहले निरन्तरता दिन सक्नेछन तर त्यसरी निरन्तरता दिन चाहेका आयोजना/कार्यक्रमको नाम प्रविष्ट गर्दा चालु आ.व. मा स्वीकृत आयोजना/कार्यक्रमको नाम नै प्रविष्ट गर्नुपर्नेछ।

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
कोशी प्रदेश, विराटनगर, नेपाल

फोन नं. ०२१५७२९०६
०२१५७४३३१
०२१५७५७८५
०२१५७११४०
०२१५७३६७६
०२१५७४१६८

प.सं. ०७९।०८०
च.नं.

२. लग-ईन गर्ने विवरणहरु (User ID/Password) यस मन्त्रालयबाट गत आ.व. मा नै सम्बन्धित स्थानीय तहहरुलाई उपलब्ध गराई सकिएको हुँदा सोही विवरण प्रयोग गर्नु पर्ने छ। यस सम्बन्धी वेवसाइट http://p1.csgrants.gov.np/ मा गई समपूरक अनुदानका लागि प्रस्ताव पेश गर्ने लिङ्क खोली विवरण भरी प्रस्ताव पेश गर्नुपर्ने छ।

३. समपूरक अनुदान सम्बन्धी प्रस्ताव पेश गर्दा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (दोस्रो संशोधन समेत) को दफा ३ बमोजिमको क्षेत्र तथा दफा ७ बमोजिमको प्रकृया पुरा गरी पेश गर्नुपर्ने छ।

४. समपूरक अनुदान माग गर्दा प्रदेश समपूरक अनुदान सम्वन्धि कार्यविधि, २०७५ (दोस्रो संशोधन समेत) को अधिनमा रहि माग गर्नुपर्ने साथै सोही कार्यविधि बमोजिम खर्च गर्नु पर्नेछ।

५. आगामी आ.व. २०८०।०८१ को समपूरक अनुदानका लागि प्रस्ताव पेश गर्दा स्थानीय तहले बढीमा २ वटा आयोजना/कार्यक्रम पेश गर्नु पर्ने छ।

०८।१२।१४
(दुर्गा ढकाल)
शाखा अधिकृत

बोधार्थः
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
कोशी प्रदेश, विराटनगर ।

नोटः संपर्क मोबाईल नं. ९८४२०४८८५५, ९८०४०४६८८३, ९८५२०३८५००